# नेपाल बीमा प्राधिकरण
## NEPAL INSURANCE AUTHORITY

मिति: २०८१/०४/१०

बी.शा. ०६ (२०८१/८२) च.नं. १६८

श्री नेपाल इन्स्योरेन्स लिमिटेड,
कमलादी, काठमाडौं ।

**विषय: सवारी साधन अतिरिक्त लाभ बीमालेख स्वीकृति बारे ।**

यस प्राधिकरणमा प्राप्त तहाँको मिति २०८१/०२/२० (च.न. ७७/२८८) को पत्र सम्बन्धमा लेखिदैछ ।

उपरोक्त सम्बन्धमा तहाँबाट स्वीकृतिका लागि पेश भएको 'सवारी साधन अतिरिक्त लाभ बीमालेख' व्यवसायिक सवारी साधनलाई जारी गर्न तथा प्रचलित बीमा ऐन, बीमा नियमावली र प्राधिकरणबाट जारी भएका तथा भविष्यमा जारी हुने निर्देशनहरु समेतको अधिनमा रहने गरी साथै निम्न बमोजिमको शर्तहरु पालना गर्नु पर्ने गरी यसै पत्र साथ संलग्न गरिएको बीमालेखको प्रमाणित प्रति अनुसार प्रचलनमा ल्याउन स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गरिन्छ ।

**शर्तहरु :**

१. उल्लेखित बीमालेख तथा सम्बन्धित कागजातको मुद्रित प्रति प्रचलनमा ल्याउनु पूर्व प्राधिकरणमा पेश गर्नुहुन ।
२. पर्याप्त पुनर्बीमाको व्यवस्था गरी बीमालेख प्रचलनमा ल्याउनुहुन ।
३. बीमा जोखिमांकनको लागि आवश्यक सम्पूर्ण पूर्वाधार तयार गरी बीमालेख प्रचलनमा ल्याउनुहुन ।
४. बीमालेख स्वीकृत भएको छ महिना भित्र प्रचलनमा नल्याएमा स्वत: निष्क्रिय हुने ।
५. बीमालेख बिक्री वितरणका लागि प्रयोग गरिने सामाग्रीहरू तथा प्रोस्पेक्टस/ ब्रोसरहरुमा बीमालेखको अपवादहरू स्पष्ट खुलाउनुहुन ।

(सुधा काफ्ले)
सहायक निर्देशक

# नेपाल इन्स्योरन्स कम्पनी लिमिटेड

**केन्द्रीय कार्यालय:** अमीर भवन, पहिलो र सातौ तल्ला, गणेशस्थान, कमलादी

पोष्ट बक्स नं.३६२३ काठमाण्डौ, नेपाल

फोन नं.९७७-१-५३२१३५३, ५३२८६९०, ५३२०६१४, ५३५०४६३, ५३४५५६५/६८ टोल फ्री. १६६० ०१ ६१६६६, फ्याक्स नं. ९७७-१-५३२५४४६

Email: nic@nepalinsurance.com.np, Web: www.nepalinsurance.com.np


## सवारी साधन अतिरिक्त लाभ बीमालेख

बीमितले यस बीमाको लागि प्रस्ताव र घोषणा पेश गरेको र सो को लागि बीमालेखको अनुसूचीमा उल्लेखित बीमाशुल्क रकम भुक्तानी गरकोले नेपाल इन्स्योरन्स कम्पनी लिमिटेड (यसपछि बीमक भनिएको) ले प्राप्त प्रस्ताव र घोषणाको आधारमा यो बीमालेख जारी गरको छ ।

यस बीमालेखमा लेखिएको वा पछि सम्पुष्टिद्वारा समावेश गरिएको शर्त, सीमा बन्देज र प्रतिबन्धको अधिनमा रही यस बीमाको बीमा अवधि भित्र यस बीमालेखको अनुसूचीमा उल्लेखित निजी सवारी साधनको क्षतिको दावी व्यापक सवारी साधन बीमा अन्तर्गत मान्य भएको अवस्थामा यस बीमालेखको अनुसूचीमा उल्लेखित लाभहरू बीमकले बीमितलाई भुक्तानी गर्नेछ । यस बीमा अन्तर्गत दावीको क्षतिपूर्ति बीमकको इच्छानुसार रकम भुक्तानीद्वारा, मर्मत गरी वा पुनः स्थापना गरी भुक्तानी गरिने छ ।

### परिच्छेद १ : विशेष शर्तहरू

१. व्यापक सवारी साधन बीमा अर्न्तगत बीमा भएका सवारी साधनहरू मात्र यस बीमालेख अन्तर्गत बीमा गर्न सकिनेछ ।

२. बीमाङ्क रकम व्यापक सवारी साधन बीमालेख अनुसार हुनेछ ।

३. सवारी साधन बनेको वा नेपालमा दर्ता भएको मितिबाट १० बर्ष सम्मका सवारी साधनहरू मात्र यस बीमालेख अन्तर्गत बीमा गर्न सकिनेछ ।

४. निजी ४ र २ पाङ्ग्रे सवारी साधनहरू मात्र यस बीमालेख अर्न्तगत बीमा गर्न सकिनेछ ।

५. व्यापक सवारी साधन बीमा अर्न्तगत सवारी साधनको क्षति भएको दावी मान्य भएको अवस्थामा मात्र यस बीमा अर्न्तगत दावी गर्न सकिने छ ।

६. यस बीमाले रक्षावरण गने जोखिमहरू तथा अपवादहरू व्यापक सवारी साधन बीमालेख अनुसार हुनेछ ।

७. सम्बन्धित व्यापक सवारी साधन बीमालेख रद्द भएको अवस्थामा यो बीमालेख पनि स्वतः रद्द हुनेछ ।

### परिच्छेद २ : बीमालेखले समावेश गने लाभहरू:

**भाग १ ह्रासकट्टी हटाउने**

यदि बीमित सवारी साधन, व्यापक सवारी साधन बीमालेख अर्न्तगत रक्षावरण गरिएका जोखिमहरूबाट क्षति भएमा र यस्तो क्षतिमा व्यापक सवारी साधन बीमालेख अन्तर्गत बीमकको दायित्व पर्ने भएमा, निम्न शर्तहरूको अधिनमा रही ह्रासकट्टीको रकम भुक्तानी गरिनेछ ।

१. व्यापक सवारी साधन बीमालेख अन्तर्गत सवारी साधनको आंशिक क्षति भएमा सर्भेयरले गरको क्षतिको मूल्याङ्कन अनुसारको ह्रासकट्टी बापत कट्टा गरिएको रकम बीमकले भुक्तानी गर्नेछ ।

२. व्यापक सवारी साधन बीमालेख अन्तर्गत सवारी साधनमा भएको क्षतिको कारणले अनिवार्य रुपमा फेर्नु पर्ने पार्टपुर्जाहरूको लागि मात्र ह्रासकट्टी बापत पाइने लाभ लागु हुनेछ । अन्य पार्ट पुर्जाहरूमा यो लाभ पाइने छैन । पार्ट पुर्जाहरूको मर्मत गर्न नसकिने भएमा सो को लागि सर्भेयरको प्रतिवेदनको आधारमा दावी रकम निर्धारण गरिनेछ ।

**अपवादहरू**

**निम्न अवस्थामा बीमकको दायित्व रहने छैनः**

(क) बीमित सवारी साधनको व्यापक सवारी साधन बीमालेखमा उल्लेख भएको अधिक रकम वा यो लाभको लागि अनुसूची उल्लेख भएको अधिक रकम ।

(ख) बीमकले बिशेष उल्लेख गरको अवस्थामा बाहेक बीमालेख बमोजिम ह्रासकट्टी वापत भुक्तानी गरिने रकमको आंशिक भुक्तानी गरिने छैन ।

**भाग २ नयाँ सवारी साधन पुनर्स्थापन**

यदि बीमित सवारी साधन हराएमा वा पूर्ण क्षति भएमा, निम्न लिखित शर्तहरूको आधारमा नयाँ सवारी साधन पुनर्सथापन गर्नको लागि रकम भुक्तानी गरिने छ ।

१. यदि बीमित सवारी साधन पूर्ण क्षति भएमा, समान प्रकार बनौट, मोडेल र सरसामानको सवारी बिक्रेताको शोरुममा रहेको नयाँ मूल्य र बीमालेखमा उल्लेखित बीमाङ्क रकमको फरक रकम बीमकले भुक्तानी गर्नेछ ।

२. बीमित सवारी साधनको सामान प्रकारको नयाँ सवारी साधन उत्पादन भइरहेको र बजारमा पाइने हुनु पर्नेछ ।

३. यदि बीमालेख जारी भइसकेपछि बीमित सवारी साधनको उत्पादन बन्द भएमा, समान प्रकार, बनौट, मोडेल र सरसामानको सवारीको बिक्रेताको शोरुममा रहेको समयको अन्तिम नयाँ मूल्य र बीमालेखमा उल्लेखित बीमाङ्क रकमको फरक रकम बीमकले भुक्तानी गर्नेछ ।

४. व्यापक सवारी साधन बीमालेख अन्तर्गत दावी भुक्तानी हुनु भन्दा अगाडिको सवारी बिक्रेताको शोरुममा रहेको मूल्यको आधारमा दावी भुक्तानी गरिने छ ।

५. **बीमाशुल्क रकम**

सवारी साधनको पूर्ण क्षति भइसकेपछि बीमितको सामान प्रकार बनौट, मोडेल र सरसामानको नयाँ सवारी साधनको सामान प्रकारको बीमालेख लिनको लागि लाग्ने बीमाशुल्क समेत बीमकले भुक्तानी गर्नेछ । यसरी भुक्तानी गरिने बीमाशुल्क रकम पूर्ण क्षति भएको सवारी साधनको बीमालेखको शुरु अवधि र देखि दुर्घटना भएको मिति सम्मको अवधिको बीमाशुल्क दिनगन्तिको हिसाबले कट्टा गरी बाँकी बीमाशुल्क रकम मात्र भुक्तानी गरिने छ । बीमकसँग नयाँ सवारी साधनको बीमा गरको अवस्थामा मात्र माथि उल्लेख भए अनुसारको रकम भुक्तानी हुनेछ ।

६. **सवारी साधन दर्ता शुल्क**

सवारी साधनको पूर्ण क्षति भइसकेपछि बीमितको समान प्रकार बनौट, मोडेल र सरसामानको बीमकले नयाँ सवारी साधनको समान शर्त अनुसार दर्ता शुल्क, नगरपालिका वा गाउँ पालिका दस्तुर आदि समेत बीमकले भुक्तानी गर्नेछ । यसरी भुक्तानी गरिने रकम, दर्ता गने निकायबाट प्राप्त हुने कुनै फिर्ता रकम भएमा सो कट्टी गरी बाँकी रकम भुक्तानी गरिने छ ।

**अपवादहरू**

**निम्न अवस्थामा बीमकको दायित्व हुने छैनः**

क. बीमित सवारी साधनको घोषित मूल्य र सामान प्रकार, बनौट, मोडेल र सरसामान सहितको नयाँ सवारीको बिक्रेताको शोरुममा रहेको मूल्यको फरक रकम भन्दा बढी रकम ।

ख. माथि ५ र ६ मा उल्लेख भए अनुसार नयाँ सवारी साधनको लागि बीमाशुल्क र सवारी दर्ता शुल्क रकम बीमित सवारी साधन दर्ता भएको प्रदेश अनुसार मात्र भुक्तानी गरिने छ ।

**दावी भुक्तानीको आधार**

बीमित सवारी साधनको पूर्ण क्षति भएको अवस्थामा, बीमित सवारी साधनको बीमाङ्क रकम र सामान प्रकार, मोडेल, बनौट र सरसामान सहितको नयाँ सवारी साधनको बिक्रेताको शोरुममा रहेको मूल्यको फरक रकम मात्र भुक्तानी हुनेछ ।

दावी परको समयमा माथि उल्लेख भए अनुसार सामान प्रकारको सवारी साधनको बिक्रेताको शोरुममा रहेको मूल्य बीम गर्दाको समय भन्दा फरक परमा सोही नयाँ मूल्य अनुसार फरक रकमको मात्र भुक्तानी हुनेछ ।

**भाग ३ दैनिक सवारी भाडा / यातायात खर्च (निजी चार तथा दुई पाङ्ग्रे सवारी साधनको लागि)**

यदि बीमित सवारी साधन व्यापक सवारी साधन बीमालेखको परिच्छेद १ (सवारी साधनको क्षति/हानी-नोक्सानी) अन्तर्गत क्षति वा हानी-नोक्सानी भएमा, निम्न शर्तहरू अनुसार दैनिक सवारी भाडा वा यातायात खर्चको बीमितलाई भुक्तानी गरिनेछ ।

**१. पूर्ण क्षति हुदाँको दावी**

यदि बीमित सवारी साधन (निजी ४ वा २ पाङ्ग्रे सवारी साधन) व्यापक सवारी साधन बीमालेखको परिच्छेद १ अन्तर्गत चोरी भई वा क्षति भई पूर्ण क्षतिको दावी परेमा, बीमितलाई निम्न अनुसारले दैनिक सवारी भाडा वा यातायात खर्च भुक्तानी गरिनेछ ।

क. सवारी साधन बीमालेख अनुसार पूर्ण क्षतिको दावी भुक्तानी नभए सम्म

वा

ख. दुर्घटनाबाट सवारी साधन क्षति वा चोरी भएको मितिबाट अधिकतम ३० दिन सम्म, (कं वा (खं मध्ये जुन पहिले हुन्छ ।

**दावी भुक्तानीको सीमा**

बीमकले निम्न अनुसारले उल्लेखित रकम सम्म दैनिक भाडा वा यातायात खर्च भुक्तानी गर्नेछ ।

**तालिका क. निजी ४ पाङ्ग्रे सवारी साधनको लागि दावी भुक्तानीको सीमा**

| क.नं. | बीमाङ्क रकम (बीमितको घोषित मुल्य) | दैनिक भाडा/यातायात खर्च |
|---|---|---|
| १ | रु. २० लाख सम्म | रु. १,५००/- |
| २ | रु. ३० लाख सम्म | रु. २,०००/- |
| ३ | रु. ४० लाख सम्म | रु.२,५००/- |
| ४ | रु. ५० लाख सम्म | रु. ३,०००/- |
| ५ | रु ७५ लाख सम्म | रु.४,०००/- |
| ६ | रु. ७५ लाख भन्दा बढी | रु. ४,५००/- |

**तालिका (ख) निजी २ पाङ्ग्रे सवारी साधनको लागि दावी भुक्तानीको सीमा**

| क.नं. | बीमाङ्क रकम (बीमितको घोषित मुल्य) | दैनिक भाडा/यातायात खर्च |
|---|---|---|
| १ | रु. २ लाख सम्म | रु. ५००/- |
| २ | रु. ३ लाख सम्म | रु. ७५०/- |
| ३ | रु. ४ लाख सम्म | रु.१,०००/- |
| ४ | रु.५ लाख सम्म | रु. १,२५०/- |
| ५ | रु १० लाख सम्म | रु.१,५००/- |
| ६ | रु. १० लाख भन्दा बढी | रु. २,०००/- |

द्रष्टव्य : दैनिक भाडा । यातायात खर्चको सीमा २४ घण्टाको अवधिको लागि हुनेछ ।

**२. आंशिक क्षति हुदाँको दावी**

यदि बीमित सवारी साधन चोरी भई वा क्षति भई बीमालेखको शर्त अनुसार आंशिक क्षतिको आधारमा पूर्ण वा लक्षित (पूर्ण क्षति बाहेक) दावी व्यवस्थापन गर्नु पर्ने अवस्थामा बीमकले बीमितलाई निम्न प्रकारबाट दैनिक सवारी भाडा वा यातायात खर्च प्रदान गर्नेछ ।

क. निम्न अनुसारको दैनिक भाडा वा यातायात खर्च दिइनेछ :

१. क्षति भएको सवारी साधन मर्मत गर्नको लागि मर्मत स्थल/कार्यशालामा बुझाए पछि र कार्यशालाको मर्मत रेकर्ड अनुसारको मिति र समय देखि मात्र

अथवा

२. क्षति भएको सवारी साधन मर्मतको लागि कार्यशालामा बुझाए पछि वा कार्यशालाको जिम्मा लगाए पछि, अभिलेख अनुसारमाथि उल्लेखित क १. र क २. मध्ये जुन पछि हुन्छ,

ख. अधिकतम दैनिक सवारी भाडा वा यातायात खर्च माथि पूर्ण क्षतिको लागि दिइएको तालिका (क.र ख.)मा उल्लेखित दर अनुसार निम्न शर्तहरूको अधिनमा दिइनेछ ,

१. अधिकतम १४ दिनको लागि अथवा

२. सवारी साधनको मर्मत नसकिए सम्म अथवा

३. बीमकले मर्मत गने कार्यशाला वा बीमितलाई दावी भुक्तानी नदिए सम्म

अथवा

४. बीमित सवारी साधन बीमित वा बीमितको प्रतिनिधिले जिम्मा नलिए सम्म, (ख.को १ देखि ४)सम्मको अवस्थामा जुन पहिले आउछ ।

**अपवादहरू**

**निम्न अवस्थामा बीमकको दायित्व रहने छैनः**

क. बीमालेख अनुसार बीमकको दायित्व भएको पहिलो २४ (चौबीस) घण्टाको अवधिको लागि,

ख. सवारी साधनको इन्धनको खर्चको साथै अन्य थप वा बदली गरिरहनु पर्ने (मोबिल आयल, पेट्रोल, डिजल आदि), मर्मत तथा संभार खर्च र भाडामा लिएको सवारी साधनको चालकलाई दिनुपर्ने शुल्क,

ग. भाडामा लिएको सवारी साधनको प्रयोग गर बापत पर्न आउने कुनै पनि दायित्व,

घ. बीमालेखमा अन्यथा उल्लेख भएको बाहेक सवारी साधनको व्यापक बीमा (सवारी साधनको क्षति तथा तेस्रो पक्ष दायित्व दुबै भएको) अन्तर्गत दावी गरिएको र सो दावी भुक्तानी योग्य नभएको अवस्थामा ।

## परिच्छेद ३ : शर्तहरू

१. बीमालेख तथा अनुसूचीलाई यस बीमालेखको अभिन्न अंगको रुपमा लिइनेछ । बीमालेख वा अनुसूचीको कुनै स्थानमा कुनै शब्द वा शब्द समूह वा वाक्यांशलाई खास अर्थ दिने गरी जुन अवस्थामा प्रयोग गरिएको भए पनि त्यस्तो खास अर्थ नै बुझाउने छ ।

२. यस बीमालेख अन्तर्गत दावी परेमा वा दावी पर्न सक्ने घटना भएमा बीमितले बीमकलाई सम्बन्धित जानकारी सहित अबिलम्ब लिखित सूचना दिनु पर्नेछ ।

दावी पर्न सक्ने घटना सवारी साधनको चोरी वा फौज्दारी मामला भएमा सो को सूचना तुरुन्त प्रहरीलाई समेत दिनु पर्नेछ । साथै अपराधी पत्ता लगाउन, दण्ड दिलाउन आवश्यक सम्पूर्ण कार्य गर्नु पर्नेछ ।

३. बीमित सवारी साधनलाई सुरक्षित राख्न तथा हानी नोक्सानी हुनबाट बचाउनको लागि बीमितले सम्पूर्ण आवश्यक कार्यहरू गर्नु पर्नेछ ।

साथै बीमित सवारी साधनलाई राम्रो चालु अवस्थामा राख्नको लागि 'आवधिक मर्मत संभारको साथै अन्य मनासिब उपायहरू अपनाउनु पर्दछ। बीमित सवारी साधन परिवारका सदस्य वा अन्य व्यक्तिहरूलाई चलाउनदिनु पूर्व सो चालक व्यक्तिको बारमा समुचित पूर्व होशियारी अपनाउनु पर्नेछ।

४. बीमित सवारी साधन दुर्घटना वा क्षति भएको अवस्थामा थप क्षति हुन नदिन हेरचाहाको साथै सुरक्षाको उचित उपायहरू अबलम्बन गर्नु पर्नेछ।

५. बीमित सवारी साधनको स्वामित्व परिवर्तन भएको अवस्थामा, ३५ (पैंतीस) दिन भित्र नयाँ सवारी धनीको नाममा बीमालेख नामसारी नभएमा यस बीमालेख स्वत निष्क्रिय हुनेछ।

६. बीमितले सवारी साधनको विवरण दिंदा गलत विवरण दिएमा, जोखिमको मूल्याङ्कन गर्न आवश्यक जानकारी लुकाएमा वा गलत उल्लेख गरेमा, विवरण दिँदा कुनै वस्तुगत तथ्य छुटेमा वा बीमितले बीमालेखको शर्त पालना नगरमा, यस बीमालेख अन्तर्गत बीमकले दावी भुक्तानी गर्न बाध्य हुने छैन।

७. बीमित वा निजको प्रतिनिधीले गरेको कुनै दावी जालसाज पूर्ण वा आधारहिन भएमा, जानी जानी दाबी बढाइएको वा यस्तो दावीको पुष्टिका लागि झुठ्ठा वा गलत घोषणा वा बयान दिएमा, जानी जानी मिलेमतोमा हानी नोक्सानी हुने घटना गराइएमा बीमित यस बीमालेखको सबै लाभहरूबाट वञ्चित हुनेछ।

८. यस बीमालेख अन्तर्गत दावी परेको समयमा बीमित सवारी साधनको समान लाभको लागि अन्य बीमा समेत भएमा बीमकको दायित्व बीमाङ्क रकमको आधारमा समानुपातिक रुपले दिनु पर्ने दाबी भुक्तानी भन्दा बढी हुने छैन।

९. बीमकले बीमितको अन्तिम ठेगानामा लिखित रुपमा पठाएको पन्ध्र (१५) दिनको सूचनाद्वारा यो बीमालेख खारेज गर्न सक्नेछ र यस सन्दर्भमा बीमकले बाँकी अवधिको बीमाशुल्क दिनगन्तिको हिसाबले बीमितलाई फिर्ता गर्नेछ।

१०. बीमकलाई लिखित सूचना दिई बीमितले कुनै पनि समयमा यो बीमालेख खारेज गर्न सक्नेछ। यस अवस्थामा, कायम रहेको बीमा अवधिभर कुनै दावी नभएमा, बीमालेख कायम रहेको अवधिको लागि निम्न अनुसारले छोटो अबधिको बीमाशुल्क दर लगाई, बाँकी बीमाशुल्क बीमकले फिर्ता गर्नेछ।

| **क्र.नं.** | **अवधि** | **बार्षिक बीमाशुल्क प्रतिशत** |
|---|---|---|
| क. | १ हप्ता सम्म | १० % सम्म |
| ख | १ महिना सम्म | २० % सम्म |
| ग | २ महिना सम्म | ३० % सम्म |
| घ | ३ महिना सम्म | ४० % सम्म |
| ङ | ४ महिना सम्म | ५० % सम्म |
| च | ५ महिना सम्म | ६० % सम्म |
| छ | ६ महिना सम्म | ७० % सम्म |
| ज | ७ महिना सम्म | ८० % सम्म |
| झ | ८ महिना सम्म | ९० % सम्म |
| ञ | ८ महिना भन्दा बढी | १०० % सम्म |

११. यस बीमालेख अन्तर्गत परेको दावी बीमकबाट अस्वीकृत भएको तीन (३) महिना भित्र कुनै नालिस / उजुर नगरेमा वा बीमा ऐन, २०७९ बमोजिम बीमा प्राधिकणले बीमकको पक्षमा फैसला गरेको मितिले प्रचलित,
कानून बमोजिम उच्च अदालतमा पुनरावेदन नगरेमा बीमित यस बीमालेख अन्तर्गतको सबै लाभबाट वञ्चित हुनेछ।

१२. यस बीमालेख अन्तर्गत दावी भुक्तानी प्राप्त गर्दा बीमित सो हानी नोक्सानीको लागि अन्य कुनै पक्षबाट क्षतिपूर्ति वा सोधभर्ना प्राप्त गर्न सक्ने रहेछ भने त्यस्तो भुक्तानी प्राप्त गर्ने अधिकार बीमकलाई सुम्पिनु पर्नेछ। वीमकबाट दावी भुक्तानी पाउनु अगाडि वा पछाडि जुनसुकै समयमा बीमकले उचित र आवश्यक देखेको काम कारवाही बीमकको खर्चमा बीमितले गर्नु पर्नेछ वा यस्तो कारवाही गर्न बीमकलाई अनुमति दिनु पर्नेछ।

१३. दावी भुक्तानी प्रक्रियामा रहेको वा मुल्तवी रहेको अवस्थामा बाहेक क्षति/हानी नोक्सानी भएको मितिले तीन (३) महिना पछि कुनै पनि क्षति/हानी - नोक्सानीको क्षतिपूर्ति प्रदान गर्न बीमक बाध्य हुने छैन।

१४. यस बीमालेख अन्तर्गत बीमकलाई दिइने प्रत्येक सूचना वा अन्य लेखापढी लिखित वा मुद्रित हुनु पर्नेछ।

१५. यो बीमालेख अन्तर्गत परेको दावी एकिन गर्न आवश्यक प्रमाण जुटाउने दायित्व बीमित वा निजको हकवालाको हुनेछ।
बीमकले कुनै हानि/नोक्सानी यस बीमालेख अन्तर्गत पर्दैन भनी कुनै कारवाही वा मुद्दा वा अरू कार्यविधि अपनाएको अवस्थामा यस प्रकारको हानि/नोक्सानी यो बीमालेख अन्तर्गत पर्दछ भन्ने कुरा प्रमाणित गर्ने अभिभारा बीमितको हुनेछ।

१६ यस बीमालेख अन्तर्गत कुनै विवाद उत्पन्न भएमा बीमा ऐन, २०७९ बमोजिम हुनेछ।